जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : २५ | २०८३ साल बैशाख २७ गते, आईतबार | Sunday, May.– 11 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## रौतहट-बारा-पर्सा सीमामा तस्करको राज, राज्य संयन्त्रमाथि सीधा चुनौती





***संवाहक सम्वादाता***-२७बैशाख, कलैया

रौतहट, बारा र पर्सा जोडिएका सीमावर्ती नाकाहरूमा संगठित तस्करी गतिविधि तीव्र रूपमा विस्तार हुँदै गएको स्थानीयवासी तथा सरोकारवालाहरूले आरोप लगाएका छन्। भारतसँग जोडिएका विभिन्न नाकाहरू प्रयोग गरी कपडा, चकलेट, काजु, सुर्ती, मदिरा, हार्डवेयर तथा दैनिक उपभोग्य सामग्री ठूलो परिमाणमा अवैध रूपमा नेपाल भित्र्याइँदै आएको उनीहरूको दाबी छ।

स्थानीय स्रोतहरूका अनुसार रौतहटको बंकुल, नरकटिया, औरैया, मठिया, जयनगर, घिउरा, रामपुरखाप र बाँसघारी क्षेत्र तस्करीका मुख्य मार्ग बनेका छन्। त्यस्तै, बाराका सीमावर्ती क्षेत्रहरू तथा पर्साका अलौ, ड्राइपोर्ट, अमरपट्टि र सिरसिया-ठोरी नाकाहरू पनि वैकल्पिक र सुरक्षित मार्गका रूपमा प्रयोग भइरहेको आरोप छ।

यस तस्करी सञ्जालमा दुई प्रमुख समूह सक्रिय रहेको दाबी स्थानीयले गरेका छन्। कपडा तस्करीमा ‘खेना’ समूह र किराना तथा उपभोग्य वस्तुहरूको ओसारपसारमा ‘अरबिन्द साह’ नेतृत्वको गिरोह संलग्न रहेको आरोप छ। ‘खेना’ समूहले भारतीय बजारबाट कपडा संकलन गरी रातको समयमा मोटरसाइकल र साइकलमार्फत नेपालका विभिन्न भित्री बजारसम्म पुर्‍याउने गरेको बताइन्छ। यस्तै, ‘अरबिन्द साह’ समूहले चकलेट, काजु तथा किराना सामग्री सीमाबाट भित्र्याई रामनगर क्षेत्रमा गोदाम गर्ने र पछि कलैया, कोल्हबी लगायतका बजारमा वितरण गर्ने गरेको आरोप छ।

तस्करी गतिविधि मुख्यतः रातको समयमा सञ्चालन हुने गरेको स्थानीयको भनाइ छ। मोटरसाइकल, साइकल र कहिलेकाहीँ पैदलमार्ग प्रयोग गरी सामान ओसारपसार गरिने र भित्री बस्ती हुँदै सुरक्षित मार्गबाट वितरण गरिने बताइन्छ। सीमामा सुरक्षाकर्मीको उपस्थिति भए पनि प्रभावकारी निगरानी नहुँदा नियन्त्रण कमजोर बनेको आरोप छ। सामान्य नागरिकले घरायसी प्रयोजनका लागि सानो सामान ल्याउँदा समेत कडाइ, केरकार र झन्झट भोग्नुपर्ने अवस्था रहेको तर ठूलो परिमाणमा सामान ल्याउने समूह भने सहज रूपमा आवतजावत गर्ने गरेको गुनासो स्थानीयले गरेका छन्।

यसैबीच, सीमामा खटिएका केही सुरक्षाकर्मीहरू तस्करी नियन्त्रणभन्दा बढी ‘लाइन मिलाउने’ र रकम असुलीमा संलग्न हुने गरेको गम्भीर आरोप समेत स्थानीयले लगाएका छन्। केही चेकपोइन्ट तथा बीओपीहरूमा तस्करसँग मिलेमतो गरी मार्ग खुला गर्ने गरिएको दाबीसमेत उठेको छ। यद्यपि, यी आरोपहरूको आधिकारिक पुष्टि भने भएको छैन। अवैध तस्करीका कारण राज्यको राजस्वमा प्रत्यक्ष क्षति भइरहेको तथा कानुनी व्यवसायीहरू समेत प्रभावित भएको सरोकारवालाहरूको भनाइ छ। सीमास्तरदेखि जिल्ला तहसम्म अनौपचारिक संयन्त्रमार्फत अतिरिक्त असुली हुने गरेको आशंका पनि व्यक्त गरिएको छ, जसले आर्थिक क्षति झन् बढाएको बताइन्छ। स्थानीयवासीले ‘खेना’ र ‘अरबिन्द साह’ समूहसहित सम्पूर्ण तस्करी सञ्जालमाथि निष्पक्ष छानबिन गर्न माग गरेका छन्। साथै, सीमामा खटिने सुरक्षाकर्मीहरूको भूमिकामाथि स्वतन्त्र अनुसन्धान गरी कडा कारबाही गर्नुपर्ने उनीहरूको जोड छ। नियमित गस्ती, प्रभावकारी निगरानी र पारदर्शी कार्यान्वयन नभएसम्म तस्करी नियन्त्रण सम्भव नहुने चेतावनीसमेत स्थानीयले दिएका छन्।

## कलैया सब-स्टेसन डुबानको जोखिम उस्तै, विद्युत संकटको चिन्ताले वर्षायामअघि नै दीर्घकालीन समाधानको माग

***संवाहक सम्वादाता***-२७बैशाख, कलैया

बाराको नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र कलैया अन्तर्गत रहेको सब-स्टेसनमा वर्षाको पानी जम्ने समस्या अझै समाधान हुन नसक्दा आगामी वर्षायाममा फेरि जिल्लाभर विद्युत आपूर्ति अवरुद्ध हुने जोखिम कायमै रहेको छ। स्थानीयवासी तथा सरोकारवालाहरूले वर्षौंदेखि दोहोरिँदै आएको समस्याको स्थायी समाधानतर्फ प्रभावकारी पहल नभएको भन्दै चिन्ता व्यक्त गरेका छन्।



स्थानीय जागरुक युवा धिरेन्द्र यादवले गत वर्षको अवस्थालाई स्मरण गर्दै यस वर्ष पनि उस्तै संकट दोहोरिन सक्ने बताए। उनका अनुसार गत वर्ष लगातार दुई दिन परेको अविरल वर्षापछि सब-स्टेसन परिसर जलमग्न हुँदा कलैया उपमहानगरपालिका सहित जिल्लाका आधा दर्जन स्थानीय तहमा विद्युत सेवा पूर्ण रूपमा ठप्प भएको थियो।

उनका अनुसार सब-स्टेसन रहेको पावर हाउसको जमिन सतह वरपरको पिच सडक र नालाभन्दा तल रहेकाले वर्षाको पानी सहज रूपमा निकास हुन सक्दैन। पछिल्लो समय अनियन्त्रित प्लटिङ, सडक ढलान तथा प्राकृतिक निकास अवरुद्ध हुँदा समस्या थप जटिल बनेको स्थानीयको भनाइ छ।

बाँकी तेस्रो पृष्ठमा

## रोहिंगिया घुसपैठको आशंकापछि सीमामा “हाई अलर्ट”

***संवाहक सम्वादाता***-२७बैशाख, कलैया

नेपाल-भारत सीमामा सम्भावित अवैध घुसपैठको आशंकापछि सुरक्षा निकाय ‘हाई अलर्ट’ मा पुगेका छन्। विशेषगरी रोहिंगिया समुदायका व्यक्तिहरू सीमामार्फत नेपाल प्रवेश गर्न सक्ने सूचनापछि पर्सा र मोरङका सीमावर्ती नाकामा सुरक्षा निगरानी उल्लेखनीय रूपमा कडा पारिएको छ।



जिल्ला सुरक्षा समिति मोरङ र जिल्ला सुरक्षा समिति पर्सा ले सीमा क्षेत्रको सुरक्षा अवस्था समीक्षा गर्दै नेपाल प्रवेश गर्ने व्यक्तिका लागि परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेका हुन्।

विशेषगरी जोगवनी नाका लाई सुरक्षा दृष्टिले संवेदनशील मान्दै त्यहाँ अतिरिक्त सुरक्षाकर्मी परिचालन गरिएको छ। सीमाबाट प्रवेश गर्ने प्रत्येक व्यक्तिको परिचय खुल्ने कागजात जाँच गर्न थालिएको छ भने रेलमार्फत आउने यात्रुमाथि विशेष निगरानी राखिएको जनाइएको छ।

सुरक्षा स्रोतका अनुसार भारतको पश्चिम बंगाल क्षेत्रमा पछिल्लो समय विकसित घटनाक्रमपछि ठूलो संख्यामा मानिस सीमाक्षेत्र हुँदै नेपाल प्रवेश गर्न सक्ने अनुमान गरिएको छ। विशेषगरी कलकत्ताबाट जोगवनी आउने रेललाई सुरक्षा निकायले निगरानीको केन्द्रमा राखेको छ।

मोरङका सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइराला ले सीमामा कडाइ गर्नुको उद्देश्य अवैध

बाँकी तेस्रो पृष्ठमा

## क्यासिनोमा पर्सा प्रहरीको छापा, जुवाखेलमा संलग्न ६ जना पक्राउ

***संवाहक सम्वादाता***-२७बैशाख, कलैया

जिल्ला प्रहरी कार्यालय पर्सा ले वीरगञ्ज महानगर क्षेत्रका विभिन्न क्यासिनोमा छापामारी गर्दै जुवाखेल गतिविधिमा संलग्न रहेको आरोपमा ६ जनालाई पक्राउ गरेको छ। प्रहरीले विशेष सूचनाको आधारमा संयुक्त टोली परिचालन गरी शनिबार राति कारबाही गरेको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्सा तथा वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको प्रहरी टोलीले किंग क्यासिनो , फर्च्युन सिटी गेमिङ क्लब र क्यासिनो महजोङमा एकैसाथ छापा मारेको थियो। प्रहरीका अनुसार ती क्यासिनोभित्र अनाधिकृत रूपमा प्रवेश गरी जुवातास खेलिरहेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिइएको हो।




पक्राउ पर्नेमा भारतको बिहार राज्य निवासी २६ वर्षीय गणेश कुमार, ३८ वर्षीय सन्दिप कुमार, ३१ वर्षीय सुरज प्रसाद, ४३ वर्षीय अल्लाह यादव, ३६ वर्षीय ओमप्रकाश यादव तथा वीरगञ्ज महानगरपालिका-३२ निवासी ३७ वर्षीय जमुदिन मियाँ अन्सारी रहेका छन्।

छापामारीका क्रममा प्रहरीले क्यासिनोमा प्रयोग हुने ५०० रुपैयाँ बराबरका सिक्का, नेपाली रुपैयाँ ५५५, भारतीय रुपैयाँ १२०० नगद तथा दुई थान मोबाइल फोन बरामद गरेको जनाएको छ। बरामद

बाँकी तेस्रो पृष्ठमा

## सप्तरीमा भीषण आगलागी, १२ घरगोठ जलेर नष्ट

***संवाहक सम्वादाता***-२७बैशाख, कलैया

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-६ अन्तर्गत वभनगामा टोलमा शनिबार राति भएको भीषण आगलागीमा १२ वटा घर तथा गोठ जलेर नष्ट भएका छन्। आगलागीबाट छ परिवार प्रत्यक्ष प्रभावित भएका छन्।



स्थानीयका अनुसार रामअवतार यादवको गाईगोठमा बालिएको घुरबाट आगो सल्किएको थियो। हावाहुरीसँगै फैलिएको आगोले केहीबेरमै बस्तीका अन्य घर तथा गोठमा समेत क्षति पुर्‍याएको बताइएको छ।

आगलागीमा रामअवतार यादवका दुई घर र एक गाईगोठ, जुगाइ यादवका दुई घर र एक गोठ, अनिल यादवका दुई घर र एक गोठ जलेका छन्। यस्तै योगिन्द्र यादव, राजकुमार यादव र धीरेन्द्र यादवका एक-एक घर पूर्ण रूपमा नष्ट भएको स्थानीय रामनाथ यादवले जानकारी दिएका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरी का अनुसार आगलागीबाट खाद्यान्न, लत्ताकपडा, गरगहना, फर्निचर तथा नगदसहित करिब ४५ लाख रुपैयाँभन्दा बढीको धनमाल क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ। आगो नियन्त्रणका लागि मधेश प्रदेश प्रहरी तालिम केन्द्र र हनुमाननगर कङ्कालिनी नगरपालिका बाट बारुणयन्त्र परिचालन गरिएको थियो। स्थानीयवासी र सुरक्षाकर्मीको संयुक्त प्रयासपछि आगो नियन्त्रणमा आएको प्रहरीले जनाएको छ।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## उपचारमा लापरबाही कि पैसामा मिलापत्र ?

वीरगञ्जस्थित निलकण्ठवा होस्पिटल एण्ड रिसर्च सेन्टरमा उपचारका क्रममा एक महिलाको मृत्यु भएको घटनाले हाम्रो स्वास्थ्य प्रणालीको संवेदनशील र कमजोर पक्षलाई पुनः उजागर गरेको छ। बिरामी अस्पताल पुग्दा सामान्य अवस्थामा रहेको, इन्जेक्सन लगाइएपछि अवस्था बिग्रिएको र केही समयमै मृत्यु भएको परिवारको दाबी अत्यन्त गम्भीर विषय हो। अझ दुःखद पक्ष के भने, घटनाको सत्यतथ्य सार्वजनिक गर्ने प्रक्रियाभन्दा आर्थिक मिलापत्रमार्फत विषय टुंग्याइएको आरोपले जनमानसमा थप शंका उत्पन्न गरेको छ। स्वास्थ्य संस्था केवल उपचार गर्ने ठाउँ मात्र होइन, नागरिकको जीवनप्रतिको भरोसाको केन्द्र पनि हो। त्यही भरोसामाथि प्रश्न उठ्ने गरी कुनै घटना घटेपछि त्यसको निष्पक्ष, वैज्ञानिक र कानुनी अनुसन्धान हुनु अनिवार्य हुन्छ। पोस्टमार्टम नगरी, विशेषज्ञ छानबिन नगरी वा सम्बन्धित नियामक निकायलाई सक्रिय नबनाई घटनालाई आर्थिक सहमतिमा टुंग्याउने प्रवृत्ति अत्यन्त खतरनाक छ। यसले सत्य लुकाउने, प्रमाण नष्ट गर्ने र जिम्मेवारीबाट उम्किने संस्कृतिलाई प्रोत्साहन दिन सक्छ। नेपालमा निजी अस्पतालहरूमाथि उपचारमा लापरबाही, अनावश्यक शुल्क र कमजोर निगरानीको प्रश्न बेला-बेलामा उठ्ने गरेको छ। तर अधिकांश घटना मिलापत्र, दबाब वा प्रभावका कारण ओझेलमा पर्ने गरेका छन्। यदि वास्तवमै उपचारमा कमजोरी भएको हो भने दोषीलाई कानुनी दायरामा ल्याइनुपर्छ। यदि अस्पताल निर्दोष छ भने पनि वैज्ञानिक परीक्षणमार्फत सत्य सार्वजनिक गरिनुपर्छ। दुवै अवस्थामा पारदर्शिता नै सबैभन्दा आवश्यक तत्व हो। यस घटनाले अर्को गम्भीर प्रश्न पनि उठाएको छ– अस्पतालमा विशेषज्ञ चिकित्सकको उपलब्धता, नर्सिङ सेवाको गुणस्तर र आकस्मिक उपचार प्रणाली कत्तिको प्रभावकारी छ ? स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा सानो लापरबाहीले पनि एउटा परिवारको जीवनभरको पीडा बन्न सक्छ। त्यसैले निजी वा सरकारी जुनसुकै अस्पताल भए पनि उपचार प्रक्रियामा उच्च सतर्कता, दक्ष जनशक्ति र स्पष्ट जिम्मेवारी सुनिश्चित गरिनुपर्छ। राज्यका नियामक निकाय, विशेषतः नेपाल मेडिकल काउन्सिल र स्वास्थ्य मन्त्रालय, यस्ता घटनामा मौन बस्न मिल्दैन। घटनाको स्वतन्त्र छानबिन, सीसीटीभी अध्ययन, संलग्न स्वास्थ्यकर्मीको भूमिका मूल्यांकन तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाउनु जरुरी छ। अन्यथा स्वास्थ्य क्षेत्रमा "पैसाले सबै मिल्छ" भन्ने खतरनाक सन्देश जानेछ, जसले जनविश्वासलाई अझ कमजोर बनाउनेछ।

एक महिलाको मृत्यु केवल एउटा समाचार होइन, यो हाम्रो स्वास्थ्य प्रणालीको जवाफदेहितामाथिको परीक्षा पनि हो। सत्य लुकाएर होइन, सत्य उजागर गरेर मात्रै स्वास्थ्य सेवाप्रति जनविश्वास जोगाउन सकिन्छ।

# पाठ्यक्रममा नैतिक शिक्षा




नैतिक शिक्षा केवल उपदेशात्मक वा एकपक्षीय नभएर, बहुलतामूलक, समावेशी र आलोचनात्मक चेतना विकास गर्ने, सामयिक चेत र नवीन विधि र प्रक्रियालाई सहज हुने खालको हुनु पर्छ। सार्वजनिक विमर्शमा व्यक्त हुने बौद्धिक, प्राज्ञिक र शिक्षाविद् र समाजका विचारक, चिन्तकका विभिन्न राय, सल्लाह र मत-अभिमतको व्यापक मूल्याङ्कन र विश्लेषण गर्दै साझा आधारमा उभिएका मानवीय मूल्य- जस्तै सहिष्णुता, समानता, न्याय, उत्तरदायित्व र करुणालाई केन्द्रमा राखेर नैतिकताका मानदण्ड निर्माण गर्न सकिन्छ।



सञ्जीव कार्की

सरकारले विद्यालय तहमा नैतिक शिक्षा पुनः समावेश गर्ने तयारी गरिरहेको विषय अहिले सार्वजनिक बहसमा छ। यस पहलप्रति बौद्धिक तथा नैतिक वृत्तबाट व्यापक समर्थन देखिनु स्वाभाविक पनि हो किनकि समाजमा देखिएको असहिष्णुता, विभेद र जिम्मेवारीहीनता जस्ता प्रवृत्तिलाई 'नैतिक शिक्षाको अभाव' सँग जोडेर हेर्न थालिएको छ। भविष्यका नागरिकलाई नैतिक रूपले सजग, उत्तरदायी र सहिष्णु बनाउने उद्देश्यले यस्तो शिक्षा समावेश गर्ने सरकारको प्रयासलाई स्वागतयोग्य र नैतिक जनशक्ति उत्पादनको जिम्मेवार कदमका रूपमा बुझ्न सकिन्छ। नैतिक शिक्षाको अभाव खड्किए पनि कस्तो नैतिक शिक्षा ? कसको नैतिकता ? कसरी मापन र अध्यापन गर्ने ? 'नैतिक' भनिने मापदण्ड के के हुन् र कसलाई नैतिकवान् मान्ने ? यस्ता प्रश्न केवल सैद्धान्तिक नभई व्यावहारिक रूपमा पनि चुनौतीपूर्ण र जटिल पनि छन्। नैतिकता सधैँ सांस्कृतिक, सामाजिक र वैचारिक, जातीय र भौगोलिक सन्दर्भसँग गाँसिएको हुन्छ। एक समूहले स्वीकार गरेको नैतिक मूल्य अर्कोका लागि विवादास्पद हुन सक्छ। केही सामाजिक र सांस्कृतिक अभ्यासमा नैतिक लागेको विषय अन्यत्र अनैतिक लाग्ने सन्दर्भ पनि आउन सक्छन् ?

नैतिक शिक्षा केवल उपदेशात्मक वा एकपक्षीय नभएर, बहुलतामूलक, समावेशी र आलोचनात्मक चेतना विकास गर्ने, सामयिक चेत र नवीन विधि र प्रक्रियालाई सहज हुने खालको हुनु पर्छ। सार्वजनिक विमर्शमा व्यक्त हुने बौद्धिक, प्राज्ञिक र शिक्षाविद् र समाजका विचारक, चिन्तकका विभिन्न राय, सल्लाह र मत-अभिमतको व्यापक मूल्याङ्कन र विश्लेषण गर्दै साझा आधारमा उभिएका मानवीय मूल्य, जस्तै सहिष्णुता, समानता, न्याय, उत्तरदायित्व र करुणालाई केन्द्रमा राखेर नैतिकताका मानदण्ड निर्माण गर्न सकिन्छ। त्यही आधारमा विकसित पाठ्यक्रम मात्र समयानुकूल, अधिकतम समर्थनीय र प्रभावकारी बन्न सक्छ।

***नैतिक शिक्षा के हो ?***

नैतिक शिक्षा के हो भन्ने प्रश्नलाई केवल 'असल मान्छे बन्ने उपदेश' मा सीमित गर्नु पर्याप्त हुँदैन। नैतिक शिक्षा स्पष्ट, सन्तुलित र प्राज्ञिक र सामाजिक हुनु पर्छ। नैतिक शिक्षा भनेको मानिसमा सही-गलत छुट्याउने विवेक, अरूको अस्तित्व र मर्यादाप्रति सम्मान तथा न्यायप्रति संवेदनशील व्यवहार विकास गराउने शैक्षिक प्रक्रिया हो। यसले अधिकार र कर्तव्य परस्पर पूरक हुन् भन्ने बोध गराउँछ। वाक् स्वतन्त्रता र वाक् मर्यादाबिचको सन्तुलनलाई सभ्य नागरिकताको आधार मान्छ र सामाजिक उत्तरदायित्वको भावना विशेषतः वृद्ध, रोगी, बालबालिका, अशक्त तथा दुर्बल वर्गप्रति संवेदनशीलता अभिवृद्धि गर्छ।

नैतिक शिक्षा कुनै स्थिर वा सार्वकालिक परिभाषामा सीमित हुँदैन। यसको अर्थ समाज, समय र सन्दर्भ अनुसार परिवर्तनशील रहन्छ। स्वतन्त्रता, मर्यादा, कर्तव्य र अधिकार जस्ता मूल्य पनि सापेक्षिक हुन्छन्, जसको व्याख्या ऐतिहासिक, सांस्कृतिक र सामाजिक परिवेशले निर्धारण गर्छ। नैतिक शिक्षा समयसापेक्ष ज्ञान, चेतना र मूल्यहरूको आलोचनात्मक बोधमार्फत व्यक्तिलाई जिम्मेवार, सहिष्णु र विवेकशील नागरिक बनाउने प्रक्रिया हो भनेर बुझ्न सकिन्छ।

***कस्ता सामग्री ग्राह्य हुन्छन् ?***

विविध समुदायको प्रतिनिधित्व गर्ने कथा र चित्र, लैङ्गिक समानता र समावेशितालाई प्रतिविम्बित गर्ने सामग्री र स्थानीय सन्दर्भ र वास्तविक अनुभवमा आधारित पाठ हुनु पर्छ। नैतिक शिक्षा भनेको किताबका पानामा सीमित सिद्धान्त मात्र हुनुहुँदैन। यसमा निम्नलिखित पक्ष समेटिनु पर्छ।

व्यावहारिक र प्रयोगात्मक : केवल 'साँचो बोल्नु पर्छ' भनेर घोकाउनुभन्दा साँचो बोल्दा हुने लाभ र झुटको परिणामबारे प्रयोगात्मक छलफल गर्ने।

मूल्यमा आधारित : इमानदारी, करुणा, परोपकार र राष्ट्रप्रेम।

समतामूलक समाज : जातभात, उचनिचको भावना परित्याग गर्दै सहअस्तित्वमा आधारित मानवीय समाज निर्माणको अभ्यास गराउनु पर्छ।

डिजिटल नैतिकता : वर्तमान युगमा सामाजिक सञ्जालको सही प्रयोग र साइबर सुरक्षासम्बन्धी नैतिकता सिकाउनु अनिवार्य छ।

पर्यावरणीय नैतिकता : प्रकृति र प्राणी जगत्प्रति उत्तरदायी हुन सिकाउने शिक्षा।

प्रोजेक्ट वर्क : विद्यार्थीलाई कुनै वृद्धाश्रम वा अनाथालयमा लगेर सेवा गर्न लगाउने, जसले गर्दा उनीहरूमा करुणा भाव जागोस्।

***किन आवश्यक छ ?***

नैतिक शिक्षा किन आवश्यक छ भन्ने प्रश्न आजको तीव्र रूपान्तरणशील समाजसँग प्रत्यक्ष जोडिएको छ। प्रविधि, राजनीति र अर्थतन्त्र द्रुतगतिमा अघि बढिरहेका छन् तर मानवीय संवेदना, सहिष्णुता र उत्तरदायित्व त्यही अनुपातमा विकसित हुन सकेका छैनन्। यही सामाजिक खाडल र असन्तुलनले हिंसा, विभेद, असमानता र सामाजिक अविश्वासलाई बढावा दिन्छ। यस अर्थमा नैतिक शिक्षा केवल पूरक विषय होइन, सामाजिक सन्तुलन कायम गर्ने आधारभूत आवश्यकताको विषय हो।

नैतिक शिक्षालाई परम्परागत उपदेश, अनुशासन र अन्ध-आज्ञाकारितामा सीमित राख्नु पर्याप्त हुँदैन। यस्तो दृष्टिकोणले स्वतन्त्र सोच, आलोचनात्मक चेतना र बहुलतामूलक समाजका जटिल प्रश्नलाई समेट्न सक्दैन। आजको सन्दर्भमा आवश्यक नैतिक शिक्षा भनेको प्रश्न गर्न सिकाउने, भिन्नतालाई स्विकार्ने र न्याय तथा समानताप्रति सचेत बनाउने प्रक्रिया हो। यसका लागि नैतिकताका आधारभूत मानदण्डबारे व्यापक सार्वजनिक तथा बौद्धिक बहस अनिवार्य छ।

विभिन्न दृष्टिकोणको आलोचनात्मक मूल्याङ्कन गर्दै साझा, समावेशी र समयानुकूल नैतिक आधार निर्माण गर्न सकिन्छ। यस्तो बहसबिनाको नैतिक शिक्षा न त जीवित रहन्छ, न प्रभावकारी नै हुन्छ। साँचो नैतिक शिक्षा त्यही हो, जसले विभेद चिनाउँछ र हटाउन सिकाउँछ, समानता केवल शब्दमा होइन व्यवहारमा उतार्छ, विद्यालयलाई नैतिकताको अभ्यासस्थल बनाउँछ।

***नयाँ आयाम***

पहिलेको नैतिक शिक्षा 'बुबाआमाको आज्ञा मान, झुट नबोल, गुरुलाई सम्मान गर तर प्रश्न नगर, चोरी नगर' जस्ता सरल निर्देशनमा आधारित थियो। आजको समाज जटिल छ। यहाँ लैङ्गिक समानता, जातीय सम्मान, समावेशिता, पहिचानको अधिकार जस्ता विषय केन्द्रमा छन्। गुरुलाई उचित प्रश्न गर्ने समय छ। बुबाआमा र आफूभन्दा ठुलाको अविवेकी वचन मान्नु पर्छ भन्ने मान्यता छैन। आवश्यक र उचित वचन जसको पनि मान्नुपर्ने र अनावश्यक कुराको प्रतिरोध र विरोध गर्ने शैलीको अपरिहार्यता देखिएको छ। गलत कुरा जसको भए पनि गलत हो भन्ने चेत निर्मित भएको समय छ। यहाँ एउटा विषय स्मरणीय छ। कसको प्रतिरोध कसरी गर्ने ? प्रतिरोधको पनि यथोचित र जिम्मेवार शैली र तरिका सिकाउनु पर्छ। आजको नैतिक शिक्षा यस्तो हुनु पर्छ भन्ने केही दृष्टान्त यहाँ प्रस्तुत छ : बच्चाको आँखाबाट संसार बुझ्ने, महिलाको अनुभवबाट समानता सिक्ने, दलित, जनजाति, मुस्लिम र सीमान्तकृत र अन्य लैङ्गिक पहिचान भएकाहरूको दृष्टिकोणबाट न्यायको अर्थ पुनर्परिभाषित गर्ने, अपाङ्गता भएका व्यक्तिको अनुभवबाट समावेशिता बुझ्ने, मधेशीको अनुभूतिबाट रङ्गीय विभेद पर्गेल्ने, ज्येष्ठ नागरिकको अनुभव र इतिहासलाई ग्रहण गर्ने जस्ता विविध आयाम र दृष्टिकोण समेटिएको 'नैतिक शिक्षा' बालबालिकालाई दिनु अत्यावश्यक छ।

***नैतिकताको पहिलो अभ्यासस्थल***

जसले नैतिक शिक्षा पढाउने दाबी गर्छन्, त्यही विद्यालय विभेदको अभ्यासस्थल बनेका थुप्रै उदाहरण छन्। गुरुहरूद्वारा नै जातीय रूपमा बालबालिका प्रताडनामा परेका छन्। विद्यालयले लैङ्गिक विभेद व्यवहारतः सिकाएको छ जस्तै : बच्चालाई स्कुलमा ल्याउन लैजान, हेरचाह गर्न आमा सक्रिय हुन्छिन् तर फारममा 'अभिभावक' भन्नासाथ बुवाको नाम मात्र लेखिन्छ। पाठ्यपुस्तकका चित्रमा बुवा पढिरहेका र आमा सिँगारिँदै गरेको देखाइन्छ। यी साना देखिने अभ्यासले बच्चामा गहिरो सन्देश दिन्छ, "पुरुष प्रधान, महिला सहायक" भन्ने। यहीँबाट विभेदको बिउ रोपिन्छ। सुधारको सुरुवात माथिबाट हुनु पर्छ, त्यसपछि मात्र विद्यार्थीले सिक्ने नैतिकता अर्थपूर्ण बन्छ।

***कसलाई नैतिक शिक्षा आवश्यक ?***

विद्यार्थीभन्दा पहिले शिक्षक, अभिभावक र नीति बनाउनेलाई नैतिक शिक्षा आवश्यक छ। किनभने पाठ्यक्रम बनाउनेले समावेशी सोच राखेन भने किताब विभेदी हुन्छ। शिक्षकले व्यवहारमा समानता नदेखाए पाठ बेअर्थ हुन्छ। अभिभावकले घरमै विभेद सिकाए विद्यालयले सुधार्न सक्दैन। त्यसैले नैतिक शिक्षा पढ्ने विषय मात्र होइन संस्कृति बन्नु पर्छ।

***कसले र कसरी पढाउने ?***

हाम्रो समाजको तितो सत्य के हो भने ? आजको समाजमा नैतिक शिक्षाको सबैभन्दा ठुलो अभाव विद्यार्थीमा होइन, विद्यार्थीलाई मार्गदर्शन गर्ने संरचनामा छ। त्यो संरचना बालबालिकाका लागि घर, विद्यालय र समाज हो। सुधारको सुरुवात माथिबाट हुनु पर्छ। त्यसपछि मात्र विद्यार्थीले सिक्ने नैतिकता अर्थपूर्ण बन्छ। विद्यालय तहमा नैतिक शिक्षा केवल एउटा विषय मात्र होइन, यो एउटा असल नागरिक निर्माण गर्ने मेरुदण्ड हो।

नैतिक शिक्षा कुनै एउटा शिक्षकको मात्र जिम्मेवारी होइन, यो संयुक्त प्रयास हो। शिक्षक स्वयम् एक 'रोल मोडल' हुनु पर्छ। शिक्षक आफैँ अनुशासित छैन भने उसले दिने उपदेशको कुनै अर्थ रहँदैन। त्यसै गरी घर पहिलो पाठशाला भएकाले अभिभावकले आफ्ना नानीबाबुले विद्यालयमा सिकेका कुरालाई घरव्यवहारमा उतार्न अभिभावकको भूमिका ९० प्रतिशत हुन्छ। समाजका लब्धप्रतिष्ठित व्यक्ति र नेतृत्व तहले प्रदर्शन गर्ने आचरणले विद्यार्थीलाई प्रभाव पार्छ। नैतिक शिक्षा घोक्ने विषय होइन, अभ्यास गर्ने अनुभव गर्ने र अनुकरण गर्ने प्रक्रिया हो। त्यसैले कथामूलक सिकाइ, भूमिका खेल, वास्तविक जीवनका केस स्टडी, विवाद र छलफल जस्ता तरिका अपनाउनु पर्छ।

***निष्कर्ष***

नैतिक शिक्षा 'मार्क्स' (अङ्क) ल्याउनका लागि होइन, 'मार्क' ( छाप) छोड्नका लागि हुनु पर्छ। शिक्षाको अन्तिम लक्ष्य भनेकै मानिसलाई विवेकशील बनाउनु हो। कुनै व्यक्ति शिक्षित छ तर उसमा नैतिकता छैन भने त्यो समाजका लागि अझ बढी खतरनाक हुन सक्छ। विद्यालयमा 'शिक्षाका लागि संस्कार' भन्ने मूल मन्त्रका साथ नैतिक शिक्षालाई अनिवार्य र व्यावहारिक बनाइनु पर्छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## लेबनानमा इजरायली आक्रमण तीव्र, कम्तीमा १७ जनाको मृत्यु

बेइरुट, वैशाख २७ गते । लेबनानको राजधानी बेइरुट नजिक तथा दक्षिणी क्षेत्रमा इजरायलले गरेको ड्रोन र हवाई आक्रमणमा कम्तीमा १७ जनाको मृत्यु भएको छ । मृतकमध्ये एक १२ वर्षीया बालिका पनि रहेको जनाइएको छ । स्थानीय सञ्चारमाध्यम र स्वास्थ्य मन्त्रालयका अनुसार शनिबार बेइरुटको दक्षिणी क्षेत्रमा सवारी साधनलाई लक्षित गरी गरिएको तीन वटा ड्रोन आक्रमणमा चार जनाको ज्यान गएको हो ।



त्यस्तै, दक्षिणी लेबनानका विभिन्न क्षेत्रमा भएका हवाई आक्रमणमा थप १३ जनाको मृत्यु भएको बताइएको छ । इजरायल र हेजबुल्लाहबिच अप्रिल १७ मा युद्धविराम घोषणा भए पनि दुवै पक्षबाट दैनिकजसो आक्रमण जारी रहेका छन् । पछिल्ला घटनाले युद्धविरामपछि पनि तनाव कम नभएको सङ्केत गरेको छ । बुधबार राति इजरायली वायुसेनाले बेइरुटको दक्षिणी उपनगरमा आक्रमण गर्दै हेजबुल्लाहका एक वरिष्ठ सैन्य अधिकारी मारिएको दाबी गरेको थियो ।

युद्धविरामपछि राजधानी नजिक गरिएको यो पहिलो आक्रमण मानिएको छ । शनिबार भएका दुई आक्रमण बेइरुटलाई दक्षिणी बन्दरगाह सहर सैदासँग जोड्ने राजमार्ग क्षेत्रमा भएका थिए, जहाँ केही व्यक्ति घाइते भएका छन् । अर्को आक्रमण लेबनानको चोउफ क्षेत्रतर्फ जाने सडकमा भएको थियो, जसमा तीन जनाको मृत्यु भएको जनाइएको छ ।

दक्षिणी गाउँ साक्साकियेहमाथि गरिएको अर्को हवाई आक्रमणमा कम्तीमा सात जनाको मृत्यु हुनुका साथै १५ जना घाइते भएको लेबनानी स्वास्थ्य मन्त्रालयले जनाएको छ । यसैबिच, दक्षिणी लेबनानका बुर्ज रहाल र माइफादौन क्षेत्रमा पनि आक्रमण भएको र त्यहाँ थप मानवीय क्षति भएको समाचारमा उल्लेख गरिएको छ ।

## पाकिस्तानको उत्तर–पश्चिममा प्रहरी चौकीमा आक्रमण, १२ जना प्रहरीको मृत्यु

***पेशावर, वैशाख २७ गते ।*** पाकिस्तानको उत्तर/पश्चिमी क्षेत्रमा शनिबार राति भएको कार बम आक्रमण र त्यसपछि भएको गोलीबारीमा कम्तीमा १२ जना प्रहरीको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् ।



बन्नु जिल्लाको फतेह खेल क्षेत्रमा रहेको प्रहरी चौकीमा आक्रमणकारीले विस्फोटक पदार्थले भरिएको सवारीसाधन ठोक्काएर विस्फोट गराएको स्थानीय प्रहरी अधिकारीले बताएका छन् । विस्फोटपछि केही सशस्त्र समूहका सदस्यले चौकीमा प्रवेश गरी प्रहरीमाथि गोली चलाएको जनाइएको छ । बन्नु प्रहरीका एक अधिकारीका अनुसार घटनामा १२ जना प्रहरीको मृत्यु पुष्टि भएको छ भने एक जना अझै बेपत्ता छन् ।

अधिकारीले आक्रमणकारीले भारी हतियारका साथै साना ड्रोन पनि प्रयोग गरेको बताएका छन् । उनीहरूका अनुसार आक्रमणपछि फर्कने क्रममा आक्रमणकारीले प्रहरीका हतियार र केही कर्मचारीलाई समेत लिएर गएको प्रारम्भिक जानकारी छ । बन्नु पछिल्ला वर्षमा बढ्दो सशस्त्र गतिविधिबाट प्रभावित क्षेत्रका रूपमा रहँदै आएको छ । पाकिस्तान र अफगानिस्तानबिच सीमावर्ती क्षेत्रमा बढ्दो तनावका बिच यो आक्रमण भएको हो ।

इस्लामाबादले अफगान भूमिलाई केही समूहका लागि सुरक्षित आश्रयस्थल भएको आरोप लगाउँदै आएको छ भने काबुलले सो आरोप अस्वीकार गर्दै आएको छ । पछिल्ला महिनामा दुवै देशबिच सम्बन्ध थप तनावपूर्ण बन्दै गएको र सीमावर्ती क्षेत्रमा हिंसात्मक झडपसमेत भएको उल्लेख गरिएको छ ।

## कलैया...

स्थानीयवासीका अनुसार पानी निकासको मुख्य विकल्प दक्षिणतर्फ रहेको वरेवा क्षेत्रको ठूलो पोखरी भए पनि त्यहाँसम्म पानी पुर्‍याउने प्रभावकारी संरचना छैन। गत वर्ष सब-स्टेसनभित्र जमेको पानी मोटर पम्पमार्फत निकाल्ने प्रयास गरिए पनि सफल हुन सकेको थिएन। त्यसबेला कलैया उपमहानगर पालिका को स्काभेटर, नगर प्रहरी तथा स्थानीयवासीको सहयोगमा आपत्कालीन व्यवस्थापन गरिएको थियो।

विद्युत आपूर्ति अवरुद्ध भएपछि खानेपानी संस्थानको पानी ट्यांकीसमेत सञ्चालन हुन नसक्दा कलैयामा खानेपानी संकट उत्पन्न भएको स्थानीय बताउँछन्। विद्युत नहुँदा सर्वसाधारणले पिउने पानीदेखि सञ्चार, व्यवसाय र दैनिक जनजीवनसम्म गम्भीर समस्या भोग्नुपरेको थियो।

यस सब-स्टेसनबाट कलैया उपमहानगरपालिका, महागढीमाई नगरपालिका, देवताल गाउँपालिका, सुवर्ण गाउँपालिका, कोल्हवी नगर पालिका तथा फेटा गाउँपालिका लगायत दक्षिण-पूर्वी क्षेत्रका हजारौं उपभोक्ता प्रभावित हुने गरेका छन्।

स्थानीयवासीले समस्या वर्षौंदेखि दोहोरिँदा पनि सम्बन्धित निकायले अस्थायी व्यवस्थापनमै सीमित भएको आरोप लगाएका छन्। "उही कार्यालय प्रमुख, उही प्राविधिक शाखा, तर समस्या समाधानतर्फ ठोस उपलब्धि छैन," स्थानीयको गुनासो छ।

यस विषयमा बिधुत प्राधिकरण वितरण केन्द्र कलैयाका कार्यालय प्रमुख हिमान्शु कुमार यादवले हाल अस्थायी रूपमा सब-स्टेसन वरि परि ठूलो पर्खाल निर्माणको काम सुरु गरिएको जानकारी दिए। उनका अनुसार यसले सामान्य वर्षाको पानी प्रवेश रोक्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। उनले दीर्घकालीन समाधानका लागि संघीय र प्रदेश सरकारलाई विस्तृत विवरणसहित प्रस्ताव पठाइसकिएको पनि बताए।

यस्तै सब स्टेशनका ईन्चार्ज प्राविधिक शाखा प्रमुख दिपेन्द्र साहले आफूहरू समस्या प्रति पूर्ण रूपमा जानकार रहेको बताउँदै तत्कालका लागि पर्खाल निर्माण, पानी व्यवस्थापन र उपकरण संरक्षणको काम भइरहेको जानकारी दिए। तर विगतजस्तै अत्यधिक वर्षा भए वर्तमान संरचनाले थेग्न कठिन हुने उनको स्वीकारोक्ति छ।

स्थानीयवासी तथा प्राविधिकहरूका अनुसार समस्याको स्थायी समाधान भनेको सब-स्टेसनको संरचना जमिन सतहभन्दा माथि उठाएर निर्माण गर्नु हो। विज्ञहरूका अनुसार सब-स्टेसनको 'हाइट लेभल' वृद्धि गरी प्रभावकारी ड्रेनेज प्रणाली निर्माण नगरेसम्म हरेक वर्ष बाढी र डुबानको जोखिम कायम रहनेछ। विद्युत अवरुद्ध हुँदा किसानको सिँचाइ, उद्योग-व्यवसाय, कलकारखाना, सरकारी कार्यालयको डिजिटल सेवा, अस्पताल, खानेपानी आपूर्ति तथा सञ्चार सेवा प्रत्यक्ष प्रभावित हुने गरेको छ। गर्मी मौसममा पंखा, एसी, मोबाइल चार्ज तथा इन्टरनेट सेवासमेत अवरुद्ध हुँदा सर्वसाधारणले ठूलो सास्ती खेप्नुपर्ने अवस्था रहेको स्थानीय बताउँछन्।

सरोकारवालाहरूले मर्मत, मोटर पम्प खरिद, सानो संरचना स्थानान्तरण वा पर्खाल निर्माणजस्ता अस्थायी उपायले मात्र दीर्घकालीन समाधान नआउने बताएका छन्। वर्षौंदेखि समस्या थाहा हुँदाहुँदै पनि ठोस योजना कार्यान्वयनमा नआउनु जिम्मेवार निकायको उदासीनता भएको उनीहरूको आरोप छ।

स्थानीयले आगामी मनसुनअघि नै प्रभावकारी दीर्घकालीन योजना कार्यान्वयन नगरे पुनः अन्धकार, खानेपानी संकट र सेवा अवरुद्धको अवस्था दोहोरिन सक्ने चेतावनी दिएका छन्।

## क्यासिनोमा ...

सामग्रीलाई प्रमाणका रूपमा राखी थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ परेकामाथि जुवासम्बन्धी कसुरअन्तर्गत कानुनी प्रक्रिया अघि बढाइएको छ। उनीहरूलाई आवश्यक अनुसन्धानका लागि हिरासतमा राखिएको बताइएको छ।

प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेत का अनुसार वीरगञ्ज क्षेत्रमा पछिल्लो समय अवैध जुवा तथा क्यासिनो गतिविधि नियन्त्रणका लागि विशेष निगरानी अभियान सञ्चालन भइरहेको छ। उनले कानुनविपरीत हुने जुवाखेल तथा अवैध आर्थिक गतिविधिमाथि निरन्तर कारबाही गरिने पनि बताएका छन्।

वीरगञ्ज सीमावर्ती व्यापारिक सहर भएकाले यहाँ भारतीय नागरिकको आवतजावत धेरै हुने गर्दछ। यही अवस्थालाई उपयोग गर्दै केही व्यक्तिहरूले क्यासिनो तथा जुवाखेललाई माध्यम बनाएर अवैध गतिविधि सञ्चालन गर्ने गरेको आशंकामा प्रहरीले निगरानी बढाएको जनाएको छ।

## रोहिंगिया...

प्रवेश र आपराधिक गतिविधि नियन्त्रण रहेको बताए। उनका अनुसार यो कदम पूर्ण रूपमा नेपालको आन्तरिक सुरक्षा रणनीतिअन्तर्गत चालिएको हो।

सीमाक्षेत्रमा तालिमप्राप्त कुकुरसमेत परिचालन गरिएको छ भने शंकास्पद व्यक्तिको गतिविधिमाथि निगरानी बढाइएको सुरक्षा स्रोतले जनाएको छ। प्रशासनले खुला सीमाको संवेदनशीलतालाई ध्यानमा राख्दै आगामी दिनमा थप सुरक्षा उपाय लागू गर्न सकिने संकेतसमेत दिएको छ।

## सरकार...

नीति तथा कार्यक्रम प्रस्तुत भएपछि सरकारको आगामी वर्षको प्राथमिकता, आर्थिक योजना र विकास रणनीति स्पष्ट हुने अपेक्षा गरिएको छ। राजनीतिक दलहरूले भने यसलाई बजेट निर्माणको आधार दस्तावेजका रूपमा हेर्ने गरेका छन्।

## विमनपाको कडा...

आर्थिक भार परेको भन्दै महानगरपालिकाले तत्काल यस्तो कार्य रोक्न निर्देशन दिएको छ। विद्यालय हाताभित्र किताब, ड्रेस तथा स्टेशनरी बिक्री गरेको पाइएमा कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी दिइएको छ।

त्यसैगरी, पाठ्यक्रम विकास केन्द्रले तोकेको भन्दा बढी तथा अनावश्यक सङ्ख्यामा पुस्तक प्रयोग गराउने कार्यप्रति पनि महानगरपालिका गम्भीर बनेको छ। साना बालबालिकामाथि अत्यधिक पुस्तकको बोझ थोपर्दा उनीहरूको मानसिक तथा शारीरिक विकासमा असर पर्ने भन्दै यस्तो प्रवृत्ति तत्काल अन्त्य गर्न निर्देशन दिइएको हो।

महानगरपालिकाले आवश्यकभन्दा बढी पुस्तक प्रयोग गराएर अभिभावकबाट अतिरिक्त आर्थिक भार उठाउने तथा विद्यार्थीलाई तनाव दिने कार्य सह्य नहुने स्पष्ट पारेको छ। अनुगमनका क्रममा अनावश्यक पाठ्यपुस्तक प्रयोग भएको पाइए सम्बन्धित विद्यालय प्रशासनमाथि कानुनी कारबाही अघि बढाइने जनाएको छ।

शैक्षिक क्षेत्रलाई व्यवस्थित, मर्यादित तथा विद्यार्थीमैत्री बनाउन महानगरपालिकाले थालेको पहललाई अभिभावक तथा शिक्षाप्रेमीहरूले सकारात्मक रूपमा लिएका छन्। महानगरपालिकाले कानुनको पालना सबैको साझा दायित्व भएको उल्लेख गर्दै विद्यालय प्रशासनलाई सरकारी निर्देशन पूर्ण रूपमा कार्यान्वयन गर्न आग्रह गरेको छ।

## सहकारी...

शुद्धीकरणसँग जोडिएका दुई संस्थामाथि थप अनुसन्धान भइरहेको जनाएको छ। प्राधिकरणले प्रत्येक संस्थाका ठूला ऋणी र बचतकर्ताको विवरण संकलन गरी वित्तीय विश्लेषण गरिरहेको भए पनि तत्काल संस्थाको नाम सार्वजनिक गरिएको छैन। बचतकर्तामा त्रास फैलिन सक्ने भन्दै प्राधिकरणले सावधानी अपनाएको जनाएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# सरकारको नीति तथा कार्यक्रम आज संसदमा प्रस्तुत हुँदै, अध्यादेश पनि पेश हुने

***२७ बैशाख, काठमाडौं।***
सङ्घीय संसद्को बजेट अधिवेशन भोलिदेखि औपचारिक रूपमा सुरु हुने भएको छ। यसै अवसरमा सरकारले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम भोलि संयुक्त सदनमा प्रस्तुत गर्ने तयारी गरेको छ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरिका अनुसार भोलि दिउँसो ४ बजे बस्ने प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकलाई राष्ट्रपति रामचन्द्र पौडेलले सम्बोधन गर्दै सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुनेछ।




राष्ट्रपति सम्बोधनका लागि सांसदहरूलाई दिउँसो पौने ४ बजेभित्रै संसद् भवनमा उपस्थित हुन सचिवालयले अनुरोध गरेको छ। त्यसअघि दिउँसो २ बजे प्रतिनिधिसभा र राष्ट्रियसभा दुवैका छुट्टाछुट्टै बैठक बस्ने कार्यक्रम रहेको छ।

छुट्टै बैठकमा प्रतिनिधिसभा नियमावलीको मस्यौदा प्रस्तुत हुने र सरकारद्वारा जारी गरिएका विभिन्न अध्यादेशहरू पनि सदनमा पेश गरिने कार्यसूची रहेको छ।

संसद् सचिवालयका अनुसार प्रधानमन्त्री बालेन्द्र शाहले तीन वटा अध्यादेश पेश गर्नुहुनेछ भने अन्य पाँच जना मन्त्रीहरूले एक-एक वटा अध्यादेश सदनमा प्रस्तुत गर्ने कार्यक्रम रहेको छ।

बाँकी तेस्रो पृष्ठमा

# अनावश्यक विषय उचालेर आशंका नफैलाउन रास्वपा सभाति रवि लामिछानेको आग्रह

***२७ बैशाख, काठमाडौं।***
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले अनावश्यक विषयहरूलाई अतिरञ्जित गरी आम नागरिकमा आशंका पैदा नगर्न राजनीतिक दलहरूलाई आग्रह गरेका छन्।

पार्टीले सांसदहरूका लागि आयोजना गरेको प्रशिक्षण कार्यक्रमको आइतबार ललितपुरमा समापन गर्दै उनले वर्तमान सरकार गठन भएको छोटो अवधिमै थिति बसाल्ने अभियानमा रहेको दाबी गरे। उनले केही विषयलाई आवश्यकताभन्दा बढी उचालेर जनमानसमा भ्रम फैलाउने प्रयास भइरहेको भन्दै त्यसप्रति सचेत रहन आग्रह गरे।



सभापति लामिछानेले रास्वपाले पाएको जनमत पुरानै प्रणालीको निरन्तरता नभई 'क्रमभङ्ग'का लागि भएको उल्लेख गर्दै सरकार फरक ढंगले अघि बढ्न खोजिरहेको बताए। उनले देश, समाज र आम नागरिकले सरकारलाई नजिकबाट हेरिरहेको भन्दै सांसदहरूलाई जिम्मेवार र रचनात्मक भूमिका खेल्न निर्देशन दिए।

उनका अनुसार चुनावी प्रतिबद्धता अनुसार सुकुमवासी तथा भूमिहीनको अधिकार सुनिश्चित गर्ने दिशामा सरकार अघि बढिरहेको छ। यस विषयलाई अनावश्यक रूपमा विवादित बनाउन नहुने उनले स्पष्ट पारे।

सभापति लामिछानेले संवैधानिक प्रक्रिया अनुसार नै प्रधानन्यायाधीशको सिफारिस भएको दाबी गर्दै सरकारले समस्याको समाधानका लागि आवश्यक अध्यादेश ल्याएको बताए। सरकार जनहितभन्दा बाहिर नजाने उनको भनाइ थियो।

त्यसैगरी उनले पार्टी जनताको अपेक्षा र देशको भविष्यप्रति जिम्मेवार रहेको उल्लेख गर्दै कुनै पनि कामले देशलाई अप्ठेरोमा पार्ने कार्य नगर्ने प्रतिबद्धता दोहोऱ्याए। उनले सांसदहरूलाई सामाजिक सञ्जालको भाइरल संस्कृतिभन्दा माथि उठेर संसदमार्फत आवश्यक कानुन निर्माणमा ध्यान दिन समेत निर्देशन दिए।

# विजय थलापतिले लिए तमिलनाडुको मुख्यमन्त्री पदको शपथ

***२७ बैशाख, (भरत)तमिलनाडु।***
भारतको तमिलनाडु राज्यमा तमिलगा भेट्री कडगम (टीभीके) का अध्यक्ष सी. जोसेफ विजयले आइतबार मुख्यमन्त्री पदको शपथ लिनुभएको छ। चेन्नईस्थित नेहरू रङ्गशालामा आयोजित विशेष समारोहमा राज्यपाल राजेन्द्र विश्वनाथ अर्लेकरले उहाँलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो।

शपथ ग्रहण कार्यक्रममा भारतीय कांग्रेसका नेता राहुल गान्धीसहित विभिन्न राजनीतिक दलका नेताहरूको उपस्थिति रहेको थियो। विजयसँगै टीभीकेका वरिष्ठ नेतासहित ९ जना मन्त्रीले पनि पद तथा गोपनीयताको शपथ लिएका छन्।



तमिल चलचित्र क्षेत्रमा 'थलापति विजय' नामले चर्चित ५१ वर्षीय विजय राजनीतिमा प्रवेश गरेपछि पहिलो पटक सत्ता नेतृत्वमा पुगेका हुन्। 'मास्टर', 'बीस्ट' र 'लियो' जस्ता चर्चित चलचित्रमार्फत लोकप्रियता कमाएका विजयले अभिनय यात्रालाई विराम दिँदै राजनीतिक अभियान अघि बढाउनुभएको थियो।

मुख्यमन्त्री पद सम्हालेलगत्तै विजयले तीन महत्वपूर्ण निर्णयमा हस्ताक्षर गर्नुभएको छ। जसअनुसार प्रत्येक परिवारलाई २०० युनिटसम्म निःशुल्क विद्युत् उपलब्ध गराइने, लागूऔषध नियन्त्रणका लागि प्रत्येक जिल्लामा विशेष बल गठन गरिने तथा महिला सुरक्षाका लागि छुट्टै कार्यदल निर्माण गरिने जनाइएको छ।

२३४ सदस्यीय तमिलनाडु विधानसभामा टीभीकेले १०८ सिट जितेको थियो। कांग्रेससहित अन्य सहयोगी दलको समर्थन प्राप्त भएपछि राज्यपालले सरकार गठनका लागि आह्वान गर्नुभएको थियो। नयाँ सरकार गठनसँगै तमिलनाडुमा करिब ६ दशकदेखि कायम रहेको डीएमके र एआईएडीएमकेको राजनीतिक वर्चस्व अन्त्य भएको विश्लेषण गरिएको छ।

# सहकारीमा कागजी धितोको भरमा कर्जा, अनुगमनमा खुल्यो अर्बौंको आर्थिक खेल

***२७ बैशाख, काठमाडौं।***
नेपालको सहकारी क्षेत्रमा वर्षौंदेखि चल्दै आएको आर्थिक बेथिति पछिल्लो अनुगमनपछि झन् स्पष्ट रूपमा बाहिर आएको छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरण ले ठूला सहकारी संस्थामाथि गरेको स्थलगत निरीक्षणका क्रममा धितोको वास्तविक मूल्याङ्कन नगरी कागजी प्रक्रिया पूरा गरेर मात्रै अर्बौं रुपैयाँ कर्जा प्रवाह गरिएको तथ्य फेला परेको हो।




प्राधिकरणको प्रतिवेदनअनुसार धेरै सहकारी संस्थाले असुल हुन नसकेका पुराना कर्जालाई समेत पुनः नवीकरण गरेर वास्तविक खराब अवस्था लुकाउने प्रयास गरेका छन्। 'डिफल्ट' भइसकेका ऋणलाई नियमित देखाउन आवश्यक वित्तीय मापदण्डसमेत पालना नगरिएको पाइएको छ।

अनुगमनमा खराब कर्जाका लागि छुट्याउनुपर्ने 'लोन लस प्रोभिजन' नराखी वित्तीय विवरण कृत्रिम रूपमा आकर्षक बनाइएको उल्लेख छ। यसले सहकारीहरूको वास्तविक आर्थिक अवस्था कागजमा देखाइएभन्दा निकै फरक रहेको संकेत गरेको छ।

प्राधिकरणले सहकारी क्षेत्रभित्र पारिवारिक नियन्त्रण र स्वार्थ समूहको प्रभाव अत्यधिक रहेको निष्कर्ष निकालेको छ। धेरै संस्थामा सञ्चालक समिति, ऋण समिति तथा धितो मूल्याङ्कन गर्ने निकायमा एउटै परिवारका सदस्यहरूको वर्चस्व देखिएको जनाइएको छ।

यस्तो संरचनाले कानुनी प्रक्रिया कमजोर बनाएको मात्र होइन, आफ्ना नजिकका व्यक्तिलाई बिना मापदण्ड कर्जा वितरण गर्ने प्रवृत्तिलाई समेत बढावा दिएको प्रतिवेदनमा उल्लेख छ। कतिपय सञ्चालकहरूले संस्थाको स्रोतसाधनलाई निजी प्रभावमा प्रयोग गरेको आशंका पनि गरिएको छ।

अनुगमन प्रतिवेदनमा लेखापरीक्षकहरूको भूमिकामाथि समेत गम्भीर प्रश्न उठाइएको छ। केही अडिटरहरूले वास्तविक अवस्था लुकाएर गलत वित्तीय विवरणलाई वैधानिकता दिएको आरोप प्राधिकरणले लगाएको छ।

हाल राष्ट्रिय सहकारी नियमन प्राधिकरण ले दोस्रो चरणअन्तर्गत सात ठूला सहकारी संस्थाको विस्तृत अध्ययन गरिरहेको छ भने सम्पत्ति

बाँकी तेस्रो पृष्ठमा

# विमनपाको कडा निर्देशन, आइतबार विद्यालय सञ्चालन नगर्न चेतावनी

***२७ बैशाख, विगञ्ज।***
वीरगञ्ज महानगरपालिकाले सार्वजनिक बिदाको दिन विद्यालय सञ्चालन नगर्न संस्थागत विद्यालय तथा मन्टेश्वरीहरूलाई कडा निर्देशन दिएको छ। महानगरको शैक्षिक प्रशासन महाशाखाले अर्को सूचना जारी नभएसम्म आइतबार सम्पूर्ण विद्यालयमा पठनपाठन पूर्ण रूपमा बन्द गर्न आग्रह गरेको हो।

महाशाखा प्रमुख आनन्द लामिछानेद्वारा जारी सूचनामा केही विद्यालयहरूले सार्वजनिक बिदाको दिनसमेत कक्षा सञ्चालन गरिरहेको जानकारी प्राप्त भएकाले त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ। महानगरपालिकाले यस्तो गतिविधि सरकारको निर्णय, शैक्षिक अनुशासन तथा प्रचलित कानुनी व्यवस्थाविपरीत भएको जनाएको छ।




महानगरपालिकाले विद्यालयहरूको अनुगमनलाई थप प्रभावकारी बनाउने तयारीसमेत गरेको छ। विद्यालय परिसरभित्रैबाट पाठ्यपुस्तक, विद्यालय पोशाक तथा स्टेशनरी सामग्री बिक्री भइरहेको गुनासो आएपछि प्रशासन थप कडाइका साथ प्रस्तुत भएको हो।

विद्यालयलाई व्यापारिक केन्द्रका रूपमा प्रयोग गर्दा अभिभावकमाथि अनावश्यक

बाँकी तेस्रो पृष्ठमा

# विमनपाको कडा निर्देशन, आइतबार विद्यालय सञ्चालन नगर्न चेतावनी

***२७ बैशाख, जनकपुरधाम।***
मधेस प्रदेश सरकारमा सहभागी चार सत्ता साझेदार दलहरूले मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको वर्तमान सरकारलाई निरन्तरता दिने निर्णय गरेका छन्। आइतबार बसेको गठबन्धन दलहरूको संयुक्त बैठकले सरकार परिवर्तनको कुनै आवश्यकता नरहेको निष्कर्ष निकाल्दै हालकै नेतृत्वमा सरकार सञ्चालनलाई निरन्तरता दिने सहमति गरेको हो। बैठकमा नेपाली कांग्रेस, नेकपा, जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका शीर्ष तथा प्रदेशस्तरीय नेताहरू सहभागी भएका थिए।




बैठकपछि प्रतिक्रिया दिँदै नेकपा संसदीय दलका नेता युवराज भट्टराईले प्रदेश सरकारलाई स्थायित्व दिन चार दल एकमत भएको जानकारी दिए।

उनका अनुसार गठबन्धनभित्र सरकार परिवर्तन, नेतृत्व हेरफेर वा समर्थन फिर्ताजस्ता विषयमा कुनै छलफल नभई विकास निर्माणका कामलाई प्रभावकारी बनाउने विषयमा केन्द्रित छलफल भएको थियो। प्रदेशमा राजनीतिक अस्थिरता सिर्जना हुन नदिन र जनतामाझ सरकारप्रति विश्वास कायम राख्न पनि वर्तमान गठबन्धनलाई निरन्तरता दिने समझदारी बनेको जनाइएको छ।

सत्ता साझेदार दलहरूले मधेस प्रदेशमा अधुरा रहेका विकास आयोजना, पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रका कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने प्रतिबद्धता पनि व्यक्त गरेका छन्। गठबन्धन दलका नेताहरूले प्रदेश सरकारलाई अझ प्रभावकारी, उत्तरदायी र जनमुखी बनाउन आपसी सहकार्यलाई थप मजबुत बनाइने बताएका छन्।

पछिल्लो समय मधेस प्रदेश सरकार परिवर्तनबारे विभिन्न राजनीतिक वृत्तमा चर्चा भइरहेका बेला चार दलको यो निर्णयलाई सरकार स्थायित्वतर्फको स्पष्ट सन्देशका रूपमा हेरिएको छ। गठबन्धन दलहरूले आगामी दिनमा पनि सहकार्यलाई कायम राख्दै प्रदेश सरकारलाई पूर्ण कार्यकालसम्म अघि बढाउने संकेत दिएका छन्।

तातो हावा वा लू बाट बच्ने उपायहरू




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।